"कृषि पर्यटन र पुर्वाधार, सम्वृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

# मिक्लाजुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

प्रदेश नं. १, नेपाल

प.सं. २०७९/८०
च.नं.

मिति : २०८०/०१/१९

सूचना ! सूचना !! सूचना !!!

विभिन्न जिल्ला हुदै तिब्र गतिमा फैलिरहेको गाई भैंसी लगायत पशु-चौपायाहरुमा लाग्ने सरुवा रोगको रुपमा **लम्पि स्किन डिजिज (Lumpy Skin Disease)** यस गाउँपालिकामा समेत फैलिएको कारणले गर्दा सो सरुवा रोगको तिब्र गतिमा रोकथाम र न्यूनिकरणका लागि देहायका कार्य गरी सहयोग गरिदिनुहुन सम्पूर्ण मिक्लाजुङ वासी कृषक साथै सर्वसाधारणलाई यस गाउँपालिका हार्दिक अनुरोध गर्दछौ।

तपशिल:

१) चौपायाहरुमा उच्च ज्वरो आउने, अगाडीको खुट्टा सुन्निने, शरिरमा डावर आउने जस्ता लक्षण देखा पर्न साथ लक्षण देखा परेका विरामी पशुलाई अरु पशु चौपायाबाट छुट्याएर राख्ने तथा पशु चौपायामा त्यस्तो लक्षण देखा पर्न साथ वडा कार्यालय तथा पशु पंक्षी सेवा शाखा, रविमा सम्पर्क गर्ने। ।
२) नियमित भन्दा बढी पोशिलो आहारा पशुलाई दिने।
३) फिटकिरि ता पोटास पानीले पशुलाई सफा गरिदिने।
४) पोटास पानी पशुको गोठ वरीपरी छर्किने।
५) रोगी पशुले छोएको, बिछयाएको सोतर सबै डढाएर नष्ट गरिदिने।
६) लम्पि स्किन डिजिज रोग लागेको पशुलाई स्याहार सुसार गर्दा कृषकले पनि सरसफाईमा ध्यान दिने।
७) यस वडामा अन्य ठाउँबाट पशु चौपायाहरु स्वास्थ्य परीक्षण विना प्रवेश नगराउने।

०८०/०१/१९

सुमन यङया
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत